परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० | संख्याः ०२ | मितिः- २०८३/०३/१० गते


## भाग-१

## परवानीपुर गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परवानीपुर गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

**सम्वत् २०८३ सालको ऐन नं.**

# परवानीपुर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**गाउँ सभाबाट पारित मितिः-२०८३/०३/०९ गते**

# परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम परवानीपुर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि परवानीपुर गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति करः** (१) परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाइने छ। स्पष्टीकरण यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्दछ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची-१** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) को प्रयोजनकोलागि घर र घर जग्गाको मुल्यांकन देहायको आधार गरिनेछः

क) घर र घरजग्गाको आकार प्रकार, बनौट र उपयोगको अवस्था

ख) घर र घरजग्गाको व्यापारिक चलनचलतीको मुल्य र घरको ह्रास मुल्य

ग) घर र घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

३. **भूमिकर (मालपोत)ः** परवानीपुर गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। दफा-२ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाईने छैन। तर विगतको बाँकी बक्यौता मालपोत रकम असुली गर्न बाधा पर्ने छैन। आ.व.२०८३/८४ भन्दा अगाडीको बक्यौता भूमिकर (मालपोत) रकम बुझाउँन आउँदा अधिकतम २५ प्रतिशत सम्म जरिवाना सहित भूमिकर (मालपोत) असुल गरिनेछ ।

४. **घर जग्गा बहाल करः** (१) परवानीपुर गाउँपालिका क्षेत्रभित्र कुनै प्राकृतिक वा अप्राकृतिक संघसंस्था/कम्पनी वा व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा घरजग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर **अनुसूची-३** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि परवानीपुर गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी बहाल कर लिने छ । न्यूनतम बहाल कर रु. १५० प्रति महिना (अक्षरेपी एक सय पचास रुपैया) लाग्नेछ ।

५. **व्यवसाय करः** (१) परवानीपुर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत पत्र प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची-५** मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कबाडी र जीवजन्तु करः** (१) परवानीपुर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन्खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, काँचो छाला जस्ता बस्तुको उत्पति वा संकलन गरी व्यवसायिक कारोवार गरे वापत **अनसूची-६** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरणः* यस दफाको प्रयोजनको लागि व्यवसायिक कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा विजक वा लेनदेन भएको जनाइने प्रमाणलाई सम्झनु पर्दछ र कवाडी भन्नाले तयारी मालसामान बाहेक उत्पादनका क्रममा निस्केका वा पुन प्रयोग गर्न सकिने (एक पटक प्रयोग भईसकेका) र पुन प्रशोधन हुन सक्ने (तयारी बस्तुका टुक्रा/अवशेष) ए ग्रेड बाहेकका मालबस्तुहरु सम्झनु पर्दछ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई परवानीपुर गाउँपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन करः** (१) परवानीपुर गाउँपालिका क्षेत्रभित्रका टाँगा, रिक्सा, र विद्युतीय रिक्सा तथा अटो रिक्सामा सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम परवानीपुर गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र रुट इजाजत दस्तुरको दर **अनुसूची-७** बमोजिम हुनेछ ।

(३) मधेश प्रदेशले लगाएको सवारी साधन बापतको कर रकमबाट परवानीपुर गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन प्रचारप्रसार आदिका लागि राख्ने दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची-८** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम परवानीपुर गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन करः** (१) परवानीपुर गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, क्यासिनो, सांस्कृतिक प्रदर्शनहल, थियटर, सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम परवानीपुर गाउँपालिकाले **अनुसुची-९** अनुसार उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) परवानीपुर गाउँपालिकाले आफुले निर्माण, रेखदेख संरक्षण वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची-१०** बमोजिमको दरमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछः

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि गाउँ कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढाबढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिगको सम्पत्तिगा बहाल विटौरी शुल्क उठाउनका लागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ्ग शुल्क** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची-११** मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) परवानीपुर गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई **अनुसूची-१२** मा उल्लेख भएबमोजिम सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) परवानीपुर गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क । तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(२) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ"बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ।

(३) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (२च) बमोजिमको सिफारिस तथा प्रमाणिकरण, घर नक्सापास, इजाजत, सरसफाई शुल्क लगायत प्रवाह हुने सेवा शुल्क, दस्तुरको दर **अनुसूची-१३** मा उल्लेख भएबमोजिम हुनेछ

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइनेछ । (२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

१४. **दण्ड जरिवानाः** (१) परवानीपुर गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) परवानीपुर गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१५. **कर छुटः** (१) ठेक्का रकम एकमुष्ठ वा बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको कार्तिक मसान्त भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा सोहि महिनाको सात गते भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ।

(२) संघीय सरकार, प्रदेश सरकार स्थानीय सरकार कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरणः-** लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँ सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनिय योगदान पुऱ्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर दस्तुर शुल्क छुट दिन बाधा पर्ने छैन।

१६. **प्रशासकिय पुनरावेदनः** (१) गाउँपालिकाले गरेको कर शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ । (२) उपदफा (१) बमोजिम परेको निबेदन उपर पुनरावलोकनको लागि प्रमुख प्रशासकीय अधिकृतले राजश्व परामर्श समितिमा पेश गर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर राजश्व परामर्श समितिले पैतिस दिनभित्र छानविन तथा निर्णय गर्नेछ। राजस्व परामर्श समितिलाइ निर्णय गर्न कठिनाई भएमा कार्यपालिकामा निर्णयार्थ पेश गर्न सक्नेछ ।

१७. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्नजाने अवस्थामा बढीमा ३ (तीन) वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदाँ आन्तरिक राजस्व कार्यालयबाट व्यक्ति वा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था र कम्पनीले मात्र प्रतिस्पर्धा गर्न पाउने छन्।

(३) सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन। तर हाटबजार, पोखरी, पसल घर, जडिबुटी, कवाडी र जीवजन्तुकर तथा सडक उपयोग कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने भएमा गाउँकार्यपालिकाबाट निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ।

(५) यस दफा बमोजिम गरिने आय ठेका बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्नेजस्ता विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ। कानुनमा नभएको प्रावधानको सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१८. **कर संकलनको लागि सेवा रोक्न सक्नेः** (१) गाउँपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिस बाहेकका अन्य सबै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ।

२) गाउँपालिकामा बिभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गर्न सकिने छ ।

३) सेवा प्रवाहको मुख्य चुलो वडा कार्यालय भएको कारणले गाउँस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् । कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तव्य हुनेछ ।

१९. **गाउँस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्नेः** (१) गाउँपालिकामा दर्ता भै व्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व गाउँपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने व्यवस्था गरिनेछ । यस प्रयोजनको लागि सम्बन्धित कर कार्यालयलाई गाउँपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी व्यवस्थापन गर्न अनुरोध गरिनेछ ।

२०. **किस्तामा कर तिर्न सकिनेः** (१) गाउँपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा गाउँ कार्यपालिकाले उपयुक्त ठहराएमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिने छ।

२१. **करदाताको पहिचान तथा दर्ता** :

१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

२)कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सुचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राखु पर्नेछ ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२२. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राखे

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

२३. **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

२४. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

२५. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ ।

२६. **कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ गा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

२७. **कर दाखिलाको निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

२८. **कर फिर्ता सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उप दफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२९. **कर समायोजन सम्बन्धी व्यवस्थाः** (१) करदाताले दफा ३१ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (२) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

३०. **उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

३१. **पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) अदालत गरेको निर्णय अन्तिम हुने छ ।

३२. **अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

३३. **आदेश वा निर्देशन दिन सक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

३४. **पुरस्कृत गर्न सक्नेः** (१) गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) प्रचलित कानून बमोजिम इमान्दारिता र निष्ठापूर्वक कर संकलनमा महत्वपूर्ण योगदान दिने राष्ट्रसेवक एक कर्मचारीलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३५. **कर परीक्षण र कर निर्धारणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात / विवरण संकलन गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा ।

(घ) कारोवारका आधारमा करको दायित्व कम देखिएमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

३६. **कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ। (२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि गाउँपालिकाले जुन सुकै अधिकृत वा सहायक पाँचौ स्तरको कर्मचारीलाई कर अधिकृतको रुपमा तोक्नेछ। निजले प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्नेछ ।

३७. **कर संकलन सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ ।

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्नलगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर।

(२) उपदफा (१) को खण्ड (६) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको नियमानुसार थप शुल्क सहित असुल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३८. **जरिवाना लाग्नेः** यस ऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३९. **ब्याज लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

४०. **अभिलेख नराखेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम अभिलेख राखुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.५००/- शुल्क लाग्नेछ ।

४१. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.५००।- शुल्क लाग्नेछ ।

४२. **झुट्टा विवरण दिएमा शुल्क लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

४३. **ब्याज नलाग्नेः** यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पुनः ब्याज लाग्ने छैन।

४४. **कागजातको ढाँचाः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा गाउँपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि गाउँपालिका कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको मध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

४५. **सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) नबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट ईनस्किप्ट वा इनकोड गरिएको, छाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

४६. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । कानुनमा स्पष्ट व्यवस्था नभएका शिर्षकमा दर कायम गर्नुपर्ने, असुल उपर गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

४७. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित गाउँकार्यपालिकावाट स्वीकृत भई गाउँ राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

# अनुसूची -१

(ऐनको दफा २ को उपदफा (२) सँग सम्बन्धित)

**सम्पत्ति करको दर** (११३१३)

| सि.नं. | विवरण | दररेट | |
|---|---|---|---|
| | | करको दर प्रति लाख | कर रकम रु. |
| १ | रु ५ लाख सम्म | एकमुष्ट | ५० |
| २ | रु ५ लाख  देखि ५० लाख सम्म प्रति लाख | १० | |
| ३ | रु ५० लाख  देखि १ करोड सम्म प्रति लाख | १५ | |
| ४ | रु १ करोड १ लाख देखि १ करोड ५० लाख सम्म प्रति लाख | १७ | |
| ५ | रु १ करोड ५० लाख देखि २ करोड सम्म प्रति लाख | २२ | |
| ६ | रु २ करोड १ लाख देखि २ करोड ५० लाख सम्म प्रति लाख | २५ | |
| ७ | रु २ करोड ५० लाख देखि ३ करोड सम्म प्रति लाख | ३० | |
| ८ | रु ३ करोड १ लाख देखि ३ करोड ५० लाख सम्म प्रति लाख | ३५ | |
| ९ | रु ३ करोड ५० लाख देखि ४ करोड सम्म प्रति लाख | ४० | |
| १० | रु ४ करोड १ लाख देखि ४ करोड ५० लाख सम्म प्रति लाख | ४५ | |
| ११ | रु ४ करोड ५० लाख देखि ५ करोड सम्म प्रति लाख | ५० | |
| १२ | रु ५ करोड भन्दा बढी जति सुकै प्रति लाख | ५५ | |

❖ परवानीपुर गाउँपालिकाको पहिलो आर्थिक ऐन,२०७४ भन्दा अगाडीका आ.व.हरु(आ.व.२०७१/७२ देखि २०७३/७४ सम्म) सम्मको सम्पति कर बुझाउन बाँकीको हकमा चालु आ.व. सम्मको सम्पति कर एकमुष्ट दाखिला गर्नेलाई उक्त आ.व.हरुको सम्पति करमा पूर्ण छुट दिईनेछ ।

**सम्पति करको मूल्यांकन गर्ने तरिका**

घरजग्गा कर लाग्ने क्षेत्रको घरको बनोटको वर्गीकरण र मूल्यांकन देहाय बमोजिम हुनेछ ।

**क.घरको बनोटको वर्गीकरणः**

१) भित्र काँचो बाहिरपाको ईटामा माटोका जोडाई भएका वा काठै काठबाट बनेको र जस्ता,झिंगटी,टायल,एसवेस्टसको छाना भएको घर ।

२) भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट जोडाई भई बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.वा आ.सि.सि)गरिएको वा जस्ता,टायल,झिंगटी,एसवेस्टसको छाना भएको घर,गोदाम घर

(३) भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.वा आ.सि.सि) गरिएको घर

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरमा लिफ्ट/एस्कलेटर जडान भएको घर

(५) स्टीम फ्रेम स्ट्रक्चर,फ्रविङ्गटस,फाईवर वा यस्तै संरचना

ख.घरको मूल्यांकन

| घरको बनोट | प्रतिवर्ग फिट रु. | प्रति वर्ष ह्रासकट्टी दर प्रतिशत | कट्टीगर्ने जम्मा वर्ष |
|---|---|---|---|
| (अ)प्रकरण (क) (१) बमोजिमको घर | रु.१००/- | ३ | २५ |
| (आ) प्रकरण (क) (२) बमोजिमको घर | रु.२००/- | २ | ३० |
| (इ)प्रकरण (क) (३) बमोजिमको घर | रु.४००/- | १ | ७० |
| (ई)प्रकरण (क) (४) बमोजिमको घर | रु.८००/- | ०.७५ | १०० |
| (उ) प्रकरण (क) (५) बमोजिमको घर | रु.१०००/- | ०.७५ | १०० |

• परवानीपुर गाउँपालिका घोषणा हुनु भन्दा अगाडिका आ.व. हरुको सम्पत्ति कर बुझाउन बाँकीको हकमा चालु आ.ब. सम्मको सम्पत्ति कर एकमुष्ठ दाखिला गर्नेलाइ आ.व. २०७२/७३ सम्मको सम्पत्ति करमा पूर्ण छुट दिइनेछ ।

## अनुसूची -१.१

### परवानीपुर गाउँपालिका भित्रका जग्गाको मुल्याङ्कन दर

**क) हालको वडा नं. १**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति कठ्ठा मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की/ढलान सडक | २०,००,०००/- | |
| २ | ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १५,००,०००/- | |
| ३ | कच्ची बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १०,००,०००/- | |
| ४ | शाखा नहरसँग जोडिएको जग्गा | कच्ची सडक | ५,००,०००/- | |
| ५ | कुलोसँग जोडिएको जग्गा | कच्ची सडक | २,५०,०००/- | |
| ६ | ऐलानी जग्गा (अस्थायी नि.शा) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ५०,०००/- | |
| ७ | ऐलानी जग्गा (अस्थायी नि.शा) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ७५,०००/- | |
| ८ | सरेह खेत (खेती योग्य) | बाटो नभएको | १,५०,०००/- | |

ख) हालको वडा नं. २

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति कठ्ठा मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा प्रति कठ्ठा | पक्की सडक | ५५,००,०००/- | |
| २ | साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा | पक्की सडक | ५५,००,०००/- | |
| ३ | पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा | पक्की/ढलान सडक | २१,००,०००/- | |
| ४ | ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १५,४०,०००/- | |
| ५ | कच्ची बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १३,२०,०००/- | |
| ६ | शाखा नहरसँग जोडिएको जग्गा | कच्ची सडक | १२,१०,०००/- | |
| ७ | कुलोसँग जोडिएको जग्गा | कच्ची सडक | २,५०,०००/- | |
| ८ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ५०,०००/- | |
| ९ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ७५,०००/- | |
| १० | सरेह खेत (खेती योग्य) | बाटो नभएको | २,००,०००/- | |

ग) हालको वडा नं. ३

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति कठ्ठा मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा | पक्की सडक | ९०,००,०००/- | |
| २ | साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की सडक | ८५,००,०००/- | |
| ३ | पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की/ढलान सडक | ३०,००,०००/- | |
| ४ | ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | २०,००,०००/- | |
| ५ | कच्ची बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १५,००,०००/- | |
| ६ | शाखा नहरसँग जोडिएको जग्गा | कच्ची सडक | १३,५०,०००/- | |
| ७ | कुलोसँग जोडिएको जग्गा | कच्ची सडक | ५,५०,०००/- | |
| ८ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ५०,०००/- | |
| ९ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ७५,०००/- | |
| १० | सरेह खेत (खेती योग्य) | बाटो नभएको | ३,५०,०००/- | |

## घ) हालको वडा नं. ४

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति कठ्ठा मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा प्रति कठ्ठा | पक्की सडक | ८०,००,०००/- | |
| २ | साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा | पक्की सडक | ६५,००,०००/- | |
| ३ | पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की/ढलान सडक | २५,००,०००/- | |
| ४ | ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १५,५०,०००/- | |
| ५ | कच्ची बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १३,२०,०००/- | |
| ६ | शाखा नहरसँग जोडिएको जग्गा | कच्ची सडक | १२,१०,०००/- | |
| ७ | कुलोसँग जोडिएको जग्गा | कच्ची सडक | ५,००,०००/- | |
| ८ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ५०,०००/- | |
| ९ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ७५,०००/- | |
| १० | सरेह खेत (खेती योग्य) प्रति कठ्ठा | बाटो नभएको | ३,५०,०००/- | |

## ङ) हालको वडा नं. ५

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति कठ्ठा मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा | पक्की सडक | १,००,००,०००/- | |
| २ | साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की सडक | ९०,००,०००/- | |
| ३ | कलैया-बिरगंज राजमार्ग समेतसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की सडक | ६०,००,०००/- | |
| ४ | पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा | पक्की/ढलान सडक | ३५,५०,०००/- | |
| ५ | ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | २५,००,०००/- | |
| ६ | कच्ची बाटोसँग जोडिएको जग्गा | कच्ची सडक | १५,४०,०००/- | |
| ७ | शाखा नहरसँग जोडिएको जग्गा | कच्ची सडक | १३,२०,०००/- | |
| ८ | कुलोसँग जोडिएको जग्गा | कच्ची सडक | ५,००,०००/- | |
| ९ | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ५०,०००/- | |
| १० | ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर | पक्की/ढलान सडक | ७५,०००/- | |
| ११ | सरेह खेत (खेती योग्य) प्रति कठ्ठा | बाटो नभएको | ३,००,०००/- | |

## अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

### भूमीकर (मालपोत) को दर

### लेखा कोडः ११३१४ कम्प्युटर कोडः०००२

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारिक, व्यवसायिक जग्गा | प्रति कट्ठा | ३५०/- | |
| २ | **आवासिय जग्गा** | | | |
| २.१ | पिच/ढलान सडकसंग जोडिएको जग्गा | प्रति कट्ठा | १००/- | |
| २.२ | ग्राभेल सडकसंग जोडिएको जग्गा | प्रति कट्ठा | ५०/- | |
| २.३ | कच्ची सडकसंग जोडिएको जग्गा | प्रति कट्ठा | २५/- | |
| ३ | कृषियोगय जग्गा | प्रति कट्ठा | १०/- | |
| ४ | अन्य जग्गा सबै | प्रति कट्ठा | १०/- | |
| ५ | बक्यौता | प्रति कट्ठा | साविक बमोजिम | |

- उधोग तथा व्यवसायिक प्रतिष्ठानका नाममा जग्गा धनी प्रमाण पुर्जा भएका वा उधोग संचालनमा रहेका जग्गाहरु व्यापारिक, व्यवसायिक जग्गाको रुपमा मानी भूमिकर(मालपोत) कर असुल गरिनेछ ।
- कृषि फर्म तथा सहकारीको कृषि प्रयोजन गर्ने जग्गामा व्यक्ति सरहको नै दररेट लाग्नेछ

## अनुसूची-३

(ऐनको दफा ४ को उपदफा (२) सँग सम्बन्धित।

**जग्गा तथा घर बहाल कर** (११३१७)

- जग्गा तथा घर बहाल कर सम्झौता रकमको १०% (दश प्रतिशत) लाग्नेछ ।
- त्रिभुवन राजमार्ग र हुलाकी राजमार्गको छेउमा प्रति वर्ग फिट न्यूनतम रु.२० र भित्रि सडकहरुमा प्रति वर्ग फिट न्यूनतम रु.१५ का दरले प्रतिकोठा मासिक भाडा कायम गरी सो रकम बराबरको १० प्रतिशतका दरले घर बहाल कर लाग्नेछ ।
- न्युनतम जग्गा तथा घर बहाल कर रु. १५०/- प्रति महिना लाग्नेछ।
- बहाल महिनाको गणना गर्दा भाडामा बसेको र छोडेको महिना दुवैलाई १/१ महिना मानी गणना गरिनेछ।
- चालु आ.व.भन्दा अगाडिको बक्यौता बहाल करमा १० प्रतिशत जरिवाना लाग्नेछ ।

## अनुसूची -४

(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित ।

### व्यवसाय इजाजत (दर्ता) दस्तुरको दर १४२५३

| क्र.सं | उधोग,बैंक तथा वितीय क्षेत्र र व्यवसायको पूंजी | शुल्क रु. (प्रथम पटक नयाँ व्यवसाय संचालनका लागि) |
|---|---|---|
| १ | एक लाख सम्म पूँजी भएको | २,००/- |
| २ | एक लाख भन्दा माथि पाँच लाख सम्म पूँजी भएको | ३,००/- |
| ३ | पाँच लाख भन्दा माथि पचिस लाख सम्म पूँजी भएको | १,०००/- |
| ४ | पचिस लाख भन्दा पचास लाख सम्म पूँजी भएको | १०,०००/- |
| ५ | पचास लाख भन्दा माथि पूँजी भएको | २०,०००/- |
| अन्यत्र मुख्य कार्यालय भई गाउँपालिकाभित्र शाखा कार्यालय सञ्चालन गर्नेको लागी (पूंजी नखुलेको हकमा) | | ४,०००/- |

### व्यवसाय ईजाजत/दर्ता नविकरण दस्तुरको दर १४२५३

| क्र.सं | उधोग,बैंक तथा वितीय क्षेत्र र व्यवसायको पूंजी | नविकरण शुल्क रु. |
|---|---|---|
| १ | एक लाख सम्म पूँजी भएको | १,००/- |
| २ | एक लाख भन्दा माथि पाँच लाख सम्म पूँजी भएको | २,००/- |
| ३ | पाँच लाख भन्दा माथि पचिस लाख सम्म पूँजी भएको | ५,००/- |
| ४ | पचिस लाख भन्दा पचास लाख सम्म पूँजी भएको | १,०००/- |
| ५ | पचास लाख भन्दा माथि पूँजी भएको | ३,०००/- |

# अनुसूची -५

(ऐनको दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

**व्यवसाय करको दर** (१४६११)

व्यवसाय कर बुझाउन बाँकी व्यवसायीहरुको विगत दुई भन्दा बढि आर्थिक वर्ष देखि (आ.व.२०७७/७८ देखि अघि सम्मको)व्यवसाय नविकरण नगर्नेको हकमा एकमुष्ट नविकरण गर्नेलाई उक्त आ.व.हरुको बक्यौता रकममा पूर्ण छुटको व्यवस्था गरिएको छ ।(चालु आ.व. मा एकमुष्ट व्यवसाय दर्ता तथा नवीकरण गर्नेलाई आ.व.२०७८/७९ देखि मात्र व्यवसाय कर लिईनेछ)।साथै यस गाउँपालिका क्षेत्रभित्र महिला र अपाङ्ग व्यक्तिको नाममा दर्ता भएका व्यवसायको हकमा व्यवसाय दर्ता र नविकरणमा लाग्ने रकमको ५० प्रतिशतले छुट दिईने छ ।साथै चालु आ.व.को आश्विन मसान्तसम्म एकमुष्ट व्यवसाय कर बुझाउने व्यवसायीलाई व्यवसायकरको लाग्ने शुल्कमा ४० प्रतिशत छुट दिईनेछ र १० जना भन्दा धेरै रोजगारी सृजना गर्ने उद्योग तथा वाणिज्य क्षेत्रले त्यसको ५०% परवानीपुरको स्थानीय वासिन्दालाई रोजगारी दिएमा व्यवसाय करमा थप छुट १५ प्रतिशत छुट दिईनेछ ।

| क्र.सं. | व्यवसायको प्रकृति | दररेट |
|---|---|---|
| १ | **मदिरा र सुर्तिजन्य पदार्थको विक्री** | |
| १.१ | थोक विक्रेता (मदिरा,चुरोटको डिलर,सूर्ति प्याकेटिङ्ग गर्नेहरुका लागि) | ४०००/- |
| १.२ | खुद्रा(मदिरा,चुरोट,सुर्ति प्याकेटिङ्ग गर्नेहरुका लागि) | १०००/- |
| २ | **हल्का पेय पदार्थ** | |
| २.१ | थोक | १०००/- |
| २.२ | खुद्रा | ८००/- |
| ३ | **ईलेक्ट्रीकल र ईलेक्ट्रोनिक्स सामान बिक्रेता** | |
| ३.१ | दुबैको थोक | १५००/- |
| ३.२ | खुद्रा | १०००/- |
| ३.३ | कम्प्युटर र टिभी सम्बन्धी पसल | १५००/- |
| ३.४ | कम्प्युटर र भाषा ईन्स्टच्युट | १२००/- |
| ३.५ | कम्प्युटर टिभी मर्मत केन्द्र | १०००/- |
| ३.६ | घडी रेडियो तथा भिडियो सि.डि विक्रेताको लागि | १०००/- |
| ३.७ | मोबाईल र पार्टस विक्रेताको लागि | १०००/- |
| ४ | **हार्डवेयर (निर्माण सामाग्री)** | |
| ४.१ | थोक विक्रेता (सिमेन्ट,छड,रंग रोगन जन्य समान) | ४०००/- |
| ४.२ | खुद्रा विक्रेता (सिमेन्ट,छड,रंग रोगन जन्य समान) | २०००/- |
| ४.३ | घर सजावटका समानहरुको विक्रेताको लागि | १०००/- |
| ४.४ | ईटा विक्रेता | २०००/- |
| ४.५ | सिमेन्ट विक्रेता | १५००/- |
| ४.६ | प्लाईउड सिसा,कार्पेट,फ्रेम थोक | २०००/- |
| ४.७ | प्लाईउड सिसा,कार्पेट,फ्रेम खुद्रा | १२००/- |
| ४.८ | ब्लक उधोग (रिङ्ग,पिलर,गमलाहरु,आदि नर्माण गर्ने) | १२००/- |

| | | |
|---|---|---|
| ५ | **पेट्रोलियम पदार्थ,पेट्रोल पम्प तथा ग्याँस बिक्रेता** | |
| ५.१ | पेट्रोल तथा डिजल दुबै बिक्रेताको लागि | ५०००/- |
| ५.२ | डिजल मात्र बिक्री गर्नेहरुको लागि | १०००/- |
| ५.३ | मट्टीतेल डिलरहरुको लागि | १०००/- |
| ५.४ | ग्याँस डिलरहरुको लागि | १०००/- |
| ५.५ | अन्य | २०००/- |
| ६ | **कपडा पसल फेन्सी सहित** | |
| ६.१ | थोक बिक्रेता | २०००/- |
| ६.२ | अन्य तयारी थान कपडा ,फेन्सी | १०००/- |
| ६.३ | सिलाई सम्बन्धि सामाग्री (टाँक धागो लगायतका समान बिक्रि) | ५००/- |
| ७ | **खाधान्न गल्ला तथा किराना पसल** | |
| ७.१ | थोक बिक्रेता | १०००/- |
| ७.२ | खुद्रा बिक्रेता | ५००/- |
| ८ | **मासु बिक्रेता** | |
| ८.१ | धेरै थरिका मासु बिक्रेताको लागि | १०००/- |
| ८.२ | एक थरिका मात्र मासु बिक्रेताको (फ्रेस हाउस) | ८००/- |
| ९ | **सुन चाँदी तथा गरगहना** | |
| ९.१ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्री गर्ने ठुला बिक्रेताको लागि | २०००/- |
| ९.२ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्री गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | १०००/- |
| ९.३ | ज्याला मात्र लिई सुनचाँदी तथा गरगहनाहरुको सम्बन्धि काम गर्ने (ज्यासल) | ८००/- |
| ९.४ | रोल्डगोल्ड विक्रेता | १०००/- |
| **१०** | **श्रृँगारका,खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| १०.१ | बजार क्षेत्रका थोक बिक्रेताको लागि | १०००/- |
| १०.२ | ग्रामीण क्षेत्रका थोक बिक्रेताको लागि | ५००/- |
| १०.३ | खेलौना तथा गिफ्ट बिक्रेता | ६००/- |
| **११** | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| ११.१ | मेशिनरी तथा सवारी साधन सम्बन्धी पार्टस बिक्रेता | २०००/- |
| ११.२ | मोटरसाईकलको स्थानीय आधिकारीक बिक्री शो रुम सहित सर्भिसिङ्ग सेन्टरहरु | ४०००/- |
| ११.३ | हेभी सवारी साधनहरु (बस,ट्रक,डोजर,लोडर आदि) बिक्रेताको लागि | १००००/- |
| ११.४ | हलका साधनहरु (जिप,कार आदि) बिक्रेताको लागि | ५०००/- |
| ११.५ | टेम्पो,ट्रेक्टर तथा ई रिक्सा सवारी साधनहरुको बिक्रेताको लागि | ३०००/- |
| ११.६ | टायर तथा मोबिल डिलर | २५००/- |
| १२ | पाठयपुस्तक,स्टेशनरी तथा खेलकुद सामाग्री | १०००/- |
| **१३** | **स्वास्थ्य सेवा** | |
| १३.१ | थोक तथा खुद्रा बिक्रि सहित क्लीनिक भएकाहरुको लागि | ३०००/- |
| १३.२ | औषधी बिक्रेताहरुको लागि मात्र | १०००/- |

| | | |
|---|---|---|
| १३.३ | सर्जिकल पसल | १५००/- |
| १३.४ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने बिक्रेताहरुको लागि | १०००/- |
| १३.५ | हस्पिटल (१५ सैयाभन्दा बढी) | १५०००/- |
| १३.६ | क्लिनिक | ३०००/- |
| **१४** | **कृषीजन्य औषधी,बिउ बिजन तथा मलखाद** | |
| १४.१ | कृषि तथा भेटनरी औषधि सहित मलखाद वा बिउ बिजन बिक्रेताको लागि | २०००/- |
| १४.२ | कृषि तथा भेटनरी  औषधि तथा मलखाद बिक्रेता | १५००/- |
| १४.३ | कृषि तथा  भेटनरी औषधी मात्र बिक्रेताको लागि | १५००/- |
| १४.४ | मलखाद र बिउबिजन बिक्रेताको लागि | ५००/- |
| **१५** | **जुत्ता तथा चप्पल सम्बन्धि** | |
| १५.१ | सोरुम सहित स्वदेशी तथा विदेशी जुत्ता चप्पल बिक्रेताहरुकव लागि | २०००/- |
| १५.२ | अन्य जुत्ता चप्पल बिक्रेताहरुको लागि | १५००/- |
| १५.३ | परम्परागत सिपबाट घरेलु उत्पादन गरि बिक्री गर्ने बिक्रेताहरुको लागि | १०००/- |
| **१६** | **भाँडा पसलहरु** | |
| १६.१ | तामा,पित्तल,स्टिल तथा आल्मुनियमका भाँडा बिक्रेताको लागि | २०००/- |
| १६.२ | प्लाष्टिक जन्य भाँडा बिक्रेताको लागि | १०००/- |
| १६.३ | माटोका भाँडा बिक्रेताको लागि | ५००/- |
| **१७** | **फर्निचर सम्बन्धि** | |
| १७.१ | तेस्रो मुलुकबाट आयातित सामान बिक्रेताको लागि | ५०००/- |
| १७.२ | काठ,स्टील,प्लाष्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ३०००/- |
| १७.३ | काठ,तथा स्टीलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | ३०००/- |
| १७.४ | सामान्य फर्निचर पसलका लागि | १०००/- |
| **१८** | **तरकारी तथा फलफुल** | |
| १८.१ | तरकारीका थोक बिक्रेताका लागि | १५००/- |
| १८.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | ५००/- |
| १८.३ | फलफूल थोक बिक्रेताका लागि | १५००/- |
| १८.४ | फलफूल खुद्रा बिक्रेताका लागि | ५००/- |
| **१९** | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १९.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि बिक्री गर्ने | १००/- |
| १९.२ | सामान आयात गरि बिक्री गर्ने | १०००/- |
| **२०** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| २०.१ | दुई जना वा दुई जना भन्दा बढीको संलग्नतामा सामुहिक रुपमा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | १००००/- |
| २०.२ | एक जनाको संलग्नतामा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | ५०००/- |
| २०.३ | लेखापढि/ज्योतिष परामर्श सेवा | २०००/- |
| **२१** | **संस्थागत पेन्टर/रंग व्यवसाय** | |
| २१.१ | संस्थागत पेन्टर | १०००/- |

| | | |
|---|---|---|
| **२२** | **निर्माण व्यवसाय गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | २००००/- |
| **२३** | **दूध चिस्यान केन्द्र/दूध डेरी** | |
| २३.१ | ५०० लि.भन्दा बढी भण्डारण गर्ने | २०००/- |
| २३.२ | ५०० लि.भन्दा कम भण्डारण गर्ने | १२००/- |
| २३.३ | दुध डेरी पसल | १०००/- |
| **२४** | **व्यवसायिक कृषि तथा पशु फर्महरु** | |
| २४.१ | कृषि/कृषक समूह दर्ता तथा नवीकरण | १०००/- |
| २४.२ | ग्रामीण कुखुरा पालन गर्नेहरुको लागि | ६००/- |
| **२५** | **व्यवसायिक नर्सरी** | ५००/- |
| **२६** | **पशु फर्महरु** | ८००/- |
| **२७** | **रिसोर्टहरु तथा ठुला मोटल तथा होटलहरु** | |
| २७.१ | रिसोर्टहरु व्यवसायीहरुको लागि | १००००/- |
| २७.२ | २ तारे सम्मका होटलहरु | १५०००/- |
| २७.३ | ३ तारे वा सो भन्दा माथि सम्मका होटलहरु | २००००/- |
| २७.४ | पार्टी प्यालेस | १००००/- |
| २७.५ | लजहरु (होटल सहित) | ३०००/- |
| २७.६ | वेकरी हाउस तथा मिठाई पसल | १०००/- |
| २७.७ | खाना तथा नास्ता होटलहरु | ७००/- |
| २७.८ | तोकिएको स्थान र समयमा संचालन हुने मोबाईल खाजा घर | ३००/- |
| २७.९ | मदिरा सहितका नास्ता होटलहरु | २२००/- |
| २७.१० | रेष्टुरेन्टहरु | ३०००/- |
| **२८** | **सेवा उधोग** | |
| २८.१ | कोल्ड स्टोरेज | १५००/- |
| २८.२ | प्रेस (छापाखाना) तथा फ्लेक्स प्रिन्टस तथा अन्य प्रिन्टर्स सम्बन्धि | २०००/- |
| २८.३ | अफसेट प्रेस तथा फ्लेक्स प्रिन्टस दुबै भएकाहरुको लागि | २०००/- |
| २८.४ | अफसेट प्रेस भएका हरुका लागि | २०००/- |
| २८.५ | फ्लेक्स प्रेस तथा स्क्रीन प्रिन्टरमात्रको व्यवसाय गर्नेहरुको लागि | २०००/- |
| **२९** | **बैकल्पिक उर्जा (गोवर ग्याँस सौर्य उर्जा कम्पनि आदि)** | |
| २९.१ | सोलार सम्बन्धि सेवा प्रदायक संस्थाहरु | ५०००/- |
| २९.२ | गोबर ग्यास सेवा प्रदायक कम्पनिहरु | ५०००/- |
| २९.३ | सोलार सम्बन्धि सामान उत्पादन तथा बिसक्री गर्ने व्यवसाय | २०००/- |
| २९.४ | गोबर ग्याँस सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | २०००/- |
| **३०** | **कुटानी पिसानी मिल** | |
| ३०.१ | तेल,चामल,चिउरा आदि कुटानी पिसानी गरि बिक्री गर्ने मिलहरुलाई | ८००/- |
| ३०.२ | तेल,चामल,चिउरा आदि कुटानी पिसानी मात्र गर्ने मिलहरुलाई | ८००/- |
| ३०.३ | पिठो तथा मसाला मिलहरुलाई | ८००/- |

| | | |
|---|---|---|
| **३१** | **चलचित्र भवन** | |
| ३१.१ | व्यापारिक कम्प्लेक्स सहितको चलचित्र हल | १५०००/- |
| ३१.२ | चलचित्र भवन मात्र | १००००/- |
| **३२** | **निर्माण उधोग** | |
| ३२.१ | व्यापारिक कम्प्लेक्स | १५०००/- |
| ३२.२ | व्यपारिक कम्प्लेक्स भवन संचालन गर्नेहरु | १००००/- |
| ३२.३ | आवासिय कम्प्लेक्स | ५०००/- |
| ३३.४ | आवासिय भवन संचालन गर्नेहरु | ३०००/- |
| **३३** | **संचार सेवा** | |
| ३३.१ | राष्ट्रिय स्तरको पत्र पत्रिका | १५००/- |
